कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर ।

बागमती प्रदेश, नेपाल

प.स.

च.न 838

मिति : २०७९/१०/२७

**विषय : युवा प्रतिभा पहिचान प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा चालु आ.व. २०७९/०८० मा यस गाउँपालिकामा प्राप्त युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत **"युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम"** सञ्चालन हुने भएकोले सहभागी हुन चाहने यस ललितपुर जिल्लाभरिका १६-४० वर्ष उमेर समूहका इच्छुक युवाहरुको जानाकारीका लागि प्रतियोगिता कार्यक्रमका शर्त तथा प्रतियोगिता सञ्चालन प्रक्रिया तपशील अनुसार रहने गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा तोकिएको ढाचाँमा हार्डकपी तथा सफ्ट कपी सहित दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रतियोगिता राष्ट्रिय युवा परिषदद्वारा जारी "युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यान्वयन निर्देशिका २०७८" बमोजिम सञ्चालन हुनेछ ।

२. प्रतियोगीले प्रतियोगितामा सहभागी हुनका लागि दिइने निवेदनको ढाँचा र Idea संकलनका लागि प्रयोग गर्ने फारम यस गाउँपालिकाको वेवसाइट www.konjyosommun.gov.np मा प्राप्त गर्न सकिनेछ ।

३. सहभागी हुन चाहने व्यक्ति ललितपुर जिल्लाको स्थायी बासिन्दा हुनुपर्नेछ । उमेर १६ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनुपर्नेछ । र सहभागी हुन चाहनेले निवेदनका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि राखी पेश गर्नुपर्नेछ ।

४. प्रतियोगितामा प्रथम, द्वितीय तथा तृतीय हुने सहभागीले क्रमश: रु १०,०००। ७,०००। र ४,०००। पुरस्कार राशी प्राप्त गर्नेछन् ।

५. जिल्लास्तरमा प्रथम हुने सहभागीलाई प्रदेशस्तरमा हुने कार्यक्रमका लागि सिफारिस गरी पठाइनेछ र उत्कृष्ट १० जनाको नाम तथा प्रतिभा राष्ट्रिय युवा परिषदमा सिफारिस गरी पठाइनेछ ।

६.प्रतिभा छनौट प्रतियोगिताको मिति, समय र स्थान पछि जानकारी गराइनेछ ।

विष्णुप्रसाद आचार्य
शाखा अधिकृत



Website :www.konjyosommun.gov.np E-mail: konjyosom2075@gmail.com